नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

फोन नं.: ०३७-५२०७११
मो.नं.: ९८५२८४१७११
९८५२८२८०३०
E-mail: pmamp.piu.ok@gmail.com

# सूचना नं. १२

## उच्च घनत्वमा लगाइने स्याउ विरुवा आपूर्तिकर्ताहरुलाई सूचिकृत हुने बारे सूचना

**सूचना प्रकाशित मिति : २०८२/०७/२८**

प्रस्तुत विषयमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुङ्गाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा सूचिकृत भएका कृषक समूह, सहकारी, कृषि फर्म तथा कम्पनीहरु मार्फत खरिद गर्ने उच्च घनत्व (HDP) स्याउ विरुवा खरिदमा अधिकतम ५० प्रतिशत अनुदानमा सोलुखुम्बु जिल्लामा वितरण गर्ने कार्यक्रम रहेको हुँदा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/११/३० गतेको निर्णयबाट खण्ड २ अनुसार उल्लेख भएका स्याउमा पञ्जिकृत गरिएका स्याउका आयातित जातहरु मात्र उपलब्ध गराउनका लागि ईच्छुक आधिकारिक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ताहरुले बिरुवाहरुको जात, सरदर मूल्य र परिमाण सहितको न्यूनतम सिलबन्दी दररेट विवरण यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८२/०८/१२ गतेभित्र तपसिल बमोजिमका कागजात सहित कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगामा कार्यालय समयभित्र सूचिकृत गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। आपूर्तिकर्ताले बिरुवा आयात गर्दाका बखत बिरुवा आयात अनुमति पत्र स्वयंले प्राप्त गरेको हुनुपर्ने छ। साथै बिरुवाको जात, Technical Specification र अन्य फारमहरु यस कार्यालयको **Website: https://piuokhaldhunga.pmamp.gov.np** बाट लिन सकिनेछ ।

**आवश्यक कागजातहरु:**

१. कानूनी कागजातहरु (संस्था वा फर्म दर्ताको प्रमाणपत्र नविकरणको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपि, गत आ.व. को कर चुक्ता प्रमाणको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र अन्य सपोटिङ्ग कागजात)
२. स्याउ विरुवा आयात (इजाजत) गर्न पाउने प्रमाण-पत्रको प्रतिलिपि
३. बिगतका बर्षहरुमा विरुवा आयात गरेको प्रमाण, बिरुवाको श्रोत तथा अनुभव सम्बन्धी कागजात
४. संस्थाको बिगत तीन बर्ष देखिको Balance Sheet, Income statement, Average annual turnover etc.

.............................
हेम बहादुर थापा मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

फोन नं.: ०३७-५२०७११
मो.नं.: ९८५२८४१७११
९८५२८२८०३०
E-mail: pmamp.piu.ok@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ

ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

## उच्च घनत्व (HDP) स्याउ विरुवाको प्राविधिक विशिष्टिकृत विवरण (Technical Specification)

१. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/११/३० गतेको निर्णयबाट खण्ड २ अनुसार उल्लेख भएका स्याउमा पञ्जिकृत गरिएका स्याउका आयातित जातहरु (Golden Delicious-1895, Red Delicious, Gala 16316, Fuji र Red Jonaprince) हुनु पर्ने छ । यी जातहरु मध्ये Red Delicious,Gla र Fuji लाई परागसेचनको लागी आबश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ र Red Jonaprince लाई परागसेचनको लागी आवश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ ।अन्य उपरोक्त जातहरुको संख्या स्थानिय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ ।

२. स्याउ कलमी बिरुवाको Rootstock को जात M9 हुनु पर्नेछ ।

३. उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागी 1m X 3m Spacing मा आधारीत व्यवसायिक स्याउ खेतीको लागी उपयुक्त हुनु पर्नेछ ।

४. उपरोक्त Scion र Rootstock sf Verieties र Strains समेतको Catalogue तथा ति जातहरुको Pest List (Tolerant/Resistant/Susceptible to different Insect and Discases) को बिवरण समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बिरुवाको उचाइ १.७ देखी २.२ मिटर सम्मको हुनुपर्नेछ ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनु पर्नेछ र ति जराहरु पूर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७. अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिसलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्नेछ ।

८. अगुवा हाँगा (Leader) लाई प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ ।

९. १२ देखी २५ से.मी. लामो कम्तीमा ६ वटा फल्ने हाँगाहरु ( Feather Branches) भएको हुनुपर्नेछ ।

१०.फल्ने हाँगाहरु ( Feather Branches) जमिनको सतहदेखी ६० से.मी.को उचाइ बाट पलाएको हुनुपर्नेछ ।जमिनको सतहबाट ६० से.मी.सम्म एउटा पनि फल्ने हाँगा ( Feather Branch) नभएको हुनुपर्नेछ ।

११.अगुवा हाँगा (Leader) को चारैतिर बाट Regular Intervals मा फल्ने हाँगाहरु ( Feather Branches) आएको हुनु पर्नेछ र फल्ने हाँगाहरु (Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotchh Angel ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ ।

१२.स्याउका कलमी बिरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

१३.स्याउका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा विरुवाको Bundle बनाई प्याकिङ्ग गर्नुपर्नेछ । त्यसरी प्याक गरिएका स्याउका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकीएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पुर्याउनु पर्नेछ ।

१४. अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी बिरुवाहरु unload गरी सकेपछी स्याउ बगैचा स्थपना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानिय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानिय झ्याउले प्याकिङ्ग गर्नु पर्नेछ ।स्याउका बिरुवाहरु सुख्न नदिन झ्याउलाई समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नु पर्नेछ।स्याउको भारी बिसाउदा चिसो वा छायाँ परेको ठाउँमा स्याउको भारी बिसाउनु पर्नेछ ।गाडी चल्ने स्थानमा सके सम्म गाडी बाट र अन्य स्थानमा जुनसुकै साधन (भरिया, खच्चड, आदी) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनै पनि अबस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्बक ढुवानी गर्नु पर्नेछ ।